# देवानगञ्ज गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## देवानगञ्ज, सुनसरी
## कोशी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/८४
चलानी नं. : ०००७

(सामाजिक सुरक्षा तथा पञ्जिकरण सेवा इकाई)

मिति: २०८३।०४।०१
ने.स : ११४६ दिल्लाथ्व ३ शुक्रवार

**श्री वडा कार्यालयहरु,सबै,**
**देवानगञ्ज गाउँपालिका,सुनसरी ।**

**बिषय : सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको सूचिकरण तथा नविकरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा महिला,बालबालिका,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय सिंहदरबार,काठमाडौंको च.नं. ६७०,मिति २०८३ /०३/३१ गतेको प्राप्त पत्रानुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरूको सूचिकरण तथा नविकरण अनिवार्य रुपमा गराउनुहुन अनुरोध छ।

नोट :-

१. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुको सामजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ को नियम (९) बमोजिम असोज मसान्तभित्र सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्नु गराउनुहुन ।

२. सबै लाभग्राहीहरुले आ-आफ्नो वडा कार्यालयमा (अस्थायी बसोबास रहेको वडा कार्यालयमा समेत- Biometric गरिसकेको अवस्थामा) स्वयम् उपस्थित भई जैविक पहिचानका आधारमा नविकरण गरी २०८४ असार मसान्त सम्मको सामाजिक सुरक्षा भत्ता प्राप्ति सुनिश्चित गर्नु गराउनुहुन ।

३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नविकरण गर्दा राष्ट्रिय परिचय नम्बरका आधारमा जैविक पहिचान (Biometric Device-Finger Print/ Iris Device) मार्फत गर्नु गराउनुहुन ।

४. **सामाजिक सुरक्षा भत्ता नविकरण गर्ने समय असोज मसान्त सम्म** रहेको हुँदा वडा कार्यालयमा भिडभाड कम गरी नविकरण कार्य व्यवस्थित गर्न वडा कार्यालय मार्फत आवश्यक सहजीकरण गर्नुहुन

५. सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को दफा ५ बमोजिम सोह वर्ष उमेर पूरा नभएको बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र नब्बे वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई लाभग्राहीमा सूचिकृत हुन राष्ट्रिय परिचय नम्बर अनिवार्य हुने छैन।

अरबिन्द मेहता
एम.आई.एस. फिल्ड असिस्टेन्ट

२०८३/०४/०१
निं. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत